# सम्पूर्ण अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि
# महत्त्वपूर्ण जानकारी

जापानमा धेरै मान्छेहरूलाई नोभल कोरोना भाइरस (कोभिड 19) को कारण दैनिक जीवनयापनमा कठिनाइ भइरहेको छ।

जापान सरकारले जापानमा बसोबास गरिरहेका मान्छेहरूको जीवनयापनमा सहायता पुऱ्याउने उद्देश्यले, प्रति व्यक्ति 1 लाख येन प्रदान गर्ने निर्णय गरेको छ।

1 लाख येन पाउनको लागि प्रक्रिया पूरा गर्नुपर्नेछ।

नगरपालिका/गाउँपालिकाले हुलाक मार्फत प्रक्रियामा आवश्यक आवेदन फाराम तपाईंलाई पठाउनेछ।

अनिवार्य रूपमा नगरपालिका/गाउँपालिकाबाट आएका चिठीपत्रहरू पढ्नुहोस्।

राम्रोसँग चिठी पढेपछि, आवेदन फाराममा आवश्यक विवरण लेख्नुहोस् र उक्त आवेदन फाराम हुलाक मार्फत पेस गर्नुहोस्।

नगरपालिका/गाउँपालिकाबाट आएको चिठीमा लेखिएको कुरा नबुझेको खण्डमा, नगरपालिका/गाउँपालिकाको काउन्टरमा गएर सोधपुछ गर्नुहोस्।

यस प्रणालीको विस्तृत जानकारीको लागि तलको URL मा गएर हेर्नुहोस्।
〇URL：https://www.soumu.go.jp/main_content/000686165.pdf
(※2020 साल अप्रिल 27 तारिखको मितिमा आधारभूत निवासी दर्ता रेकर्ड नभएको जस्ता अवस्थाहरूमा भने 1 लाख येन पाइँदैन।)

पैसा सापटी लिनेबारे सल्लाह गर्न चाहने व्यक्तिले तलको URL मा गएर हेर्नुहोस्।
〇URL：https://www.mhlw.go.jp/content/000621221.pdf